# नेपाल सरकार
# चलचित्र विकास बोर्ड
# राष्ट्रिय चलचित्र पुरस्कार वितरण तथा सम्मान समारोह २०६७

## राष्ट्रिय चलचित्र पुरस्कार २०६३

*****************************************

**(क) *राष्ट्रिय चलचित्र पुरस्कार २०६३* (जम्मा ७ वटा पुरस्कार)**

१. सर्वोत्कृष्ट छायाँकार - दीर्घ गुरुङ (चलचित्र ***'भरोसा'***)
२. सर्वोत्कृष्ट लेखन - ×
३. सर्वोत्कृष्ट महिला भूमिकामा अभिनय - रेखा थापा (चलचित्र ***'हिम्मत'***)
४. सर्वोत्कृष्ट पुरुष भूमिकामा अभिनय - भुवन के.सी. (चलचित्र ***'दुनियाँ'***)
५. सर्वोत्कृष्ट निर्देशक - शिव रेग्मी (चलचित्र ***'दुनियाँ'***)
६. सर्वोत्कृष्ट चलचित्र - ×
७. चलचित्र निर्माणमा विशेष प्रयास - चलचित्र ***'अल्पविराम'***
८. चलचित्र निर्माणमा विशेष प्रयास - चलचित्र ***'झाँक्री'***
९. प्रशंसनीय अभिनय - रमा थपलिया (चलचित्र ***'अल्पविराम'***)

## राष्ट्रिय चलचित्र पुरस्कार २०६५

*****************************************

**(ख) *आदिवासी जनजातिका मातृभाषामा बनेका चलचित्रलाई राष्ट्रिय चलचित्र पुरस्कार २०६५* (५ विधा)**

१. सर्वोत्कृष्ट लेखन - ओमप्रकाश चौधरी (***यी कैसिन नाता*** - थारू भाषा)
२. सर्वोत्कृष्ट महिला भूमिकामा अभिनय - मेलिना मानन्धर (***पटाचारा*** - नेपाल भाषा)
३. सर्वोत्कृष्ट पुरुष भूमिकामा अभिनय - तेज बहादुर तामाङ (***गोदेवा*** - तामाङ्ग भाषा)
४. सर्वोत्कृष्ट निर्देशक - रामकृष्ण खड्गी (***पटाचारा*** - नेपाल भाषा)
५. सर्वोत्कृष्ट चलचित्र - गुण फिल्मस् प्रा.लि. (***पटाचारा*** - नेपाल भाषा)

**(ग) *राष्ट्रिय चलचित्र पुरस्कार २०६५* ( १८ विधा )**

१. सर्वोत्कृष्ट नृत्य निर्देशक - बसन्त श्रेष्ठ (त्यो ओठमा हास्न पाउँ.. - ***कहाँ भेटिएला*** - सेल्युलाइड प्रविधि - नेपाः मूभिज् प्रा.लि.)

२. सर्वोत्कृष्ट गीतकार - किरण खरेल (तिमी फुलैफूलको फरिया फेर.. - ***जीवनमृत्यु*** - सेल्युलाइड प्रविधि - गोपीकृष्ण भूभिज् प्रा.लि.)

३. सर्वोत्कृष्ट सङ्गीतकार - बसन्त सापकोटा (सागर सरी चोखो माया.. - ***सिलसिला*** - सेल्युलाइड प्रविधि - सिने दर्पण फिल्मस्)

४. सर्वोत्कृष्ट पाश्र्व गायिका - अन्जु पन्त (सागर सरी चोखो माया.. - ***सिलसिला*** - सेल्युलाइड प्रविधि - सिने दर्पण फिल्मस्)

५. सर्वोत्कृष्ट पाश्र्व गायक - राजेश पायल राई (सागर सरी चोखो माया.. - ***सिलसिला*** - सेल्युलाइड प्रविधि - सिने दर्पण फिल्मस्)

६. सर्वोत्कृष्ट पाश्र्वसङ्गीतकार - जुगल डंगोल (***मैना*** - डिजिटल प्रविधि- सिने मेकर्स प्रा.लि.)

७. सर्वोत्कृष्ट द्वन्द्व निर्देशक - राजेन्द्र खड्गी (***कहाँ भेटिएला*** - सेल्युलाइड प्रविधि - नेपाः मूभिज् प्रा.लि.)

८. सर्वोत्कृष्ट श्रृंगारक - रवि के.सी. (***मैना*** - डिजिटल प्रविधि- सिने मेकर्स प्रा.लि.)

९. सर्वोत्कृष्ट पुनर्ध्वन्याङ्कनकार - विनायक अर्याल (***मैना*** - डिजिटल प्रविधि-सिने मेकर्स प्रा.लि.)

१०. सर्वोत्कृष्ट सम्पादक - रजनीनाथ पन्त (***कहाँ भेटिएला*** - सेल्युलाइड प्रविधि - नेपाः मूभिज् प्रा.लि.)

११. सर्वोत्कृष्ट छायाँकार - धीरजजंग शाह (***सानो संसार*** - डिजिटल प्रविधि- डि.सि.एन.)

१२. सर्वोत्कृष्ट लेखन (स्क्रिन प्ले) - नयनराज पाण्डे (***मैना*** - डिजिटल प्रविधि-सिने मेकर्स प्रा.लि.)

१३. सर्वोत्कृष्ट सह भूमिकामा अभिनेत्री - मिथिला शर्मा (***मिस्टर मंगले*** - सेल्युलाइड प्रविधि - मिराकल मिडिया प्रा.लि.)

१४. सर्वोत्कृष्ट सह भूमिकामा अभिनेता - श्याम राई (***सुन्दर मेरो नाम*** - सेल्युलाइड प्रविधि - गोपीकृष्ण भूभिज् प्रा.लि.)

१५. सर्वोत्कृष्ट मुख्य भूमिकामा अभिनेत्री - श्वेता खड्का (***कहाँ भेटिएला*** - सेल्युलाइड प्रविधि - नेपाः मूभिज् प्रा.लि.)

१६. सर्वोत्कृष्ट मुख्य भूमिकामा अभिनेता - आर्यन सिग्देल (***मौसम-मायाको याम*** - सेल्युलाइड प्रविधि - साजन फिल्मस् प्रा.लि.)

१७. सर्वोत्कृष्ट निर्देशक - शिव रेग्मी (***कहाँ भेटिएला*** - सेल्युलाइड प्रविधि - नेपाः मूभिज् प्रा.लि.)

१८. सर्वोत्कृष्ट चलचित्र - ***कहाँ भेटिएला*** - सेल्युलाइड प्रविधि - नेपाः मूभिज् प्रा.लि.

# राष्ट्रिय चलचित्र पुरस्कार २०६६

****************************************

## (घ) *आदिवासी जनजातिका मातृभाषामा बनेका चलचित्रलाई राष्ट्रिय चलचित्र पुरस्कार २०६६* (५ विधा)

१. सर्वोत्कृष्ट लेखन - सुरेश ग्यावग (***चाङ्ग श्युमी*** - तामाङ्ग भाषा)
२. सर्वोत्कृष्ट महिला भूमिकामा अभिनय - मेलिना मानन्धर (***बाला मयजु*** - नेपाल भाषा)
३. सर्वोत्कृष्ट पुरुष भूमिकामा अभिनय - प्रेमराज चौधरी (***डगर*** - थारू भाषा)
४. सर्वोत्कृष्ट निर्देशक - पवन जोशी (***बाला मयजु*** - नेपाल भाषा)
५. सर्वोत्कृष्ट चलचित्र - ***बाला मयजु*** - नेपाल भाषा - दक्षिणकाली मूभिज्

## (ङ) *राष्ट्रिय चलचित्र पुरस्कार २०६६* ( १८ विधा )

१. सर्वोत्कृष्ट नृत्य निर्देशक - रेनेसा राई (मेरो आँखाको गाजल- ***मेरो एउटा साथी छ*** - डिजिटल प्रविधि - आइकोर फिल्मस् प्रा.लि.)

२. सर्वोत्कृष्ट गीतकार - डा. कृष्णहरि बराल (कसैलाई त माया पनि - ***हिफाजत*** - डिजिटल प्रविधि - रेखा फिल्मस् )

३. सर्वोत्कृष्ट सङ्गीतकार - सुरेश अधिकारी (जब चञ्चले... - ***छोडि गए पाप लाग्ला*** - सेल्युलाईड प्रविधि - कोटकी कालिका देवी फिल्मस् प्रा.लि.)

| | | |
|---|---|---|
| ४. | सर्वोत्कृष्ट पार्श्व गायिका | - अञ्जु पन्त (जब चञ्चले... - ***छोडि गए पाप लाग्ला*** - सेल्युलाइड प्रविधि - कोटकी कालिका देवी फिल्मस् प्रा.लि.) |
| ५. | सर्वोत्कृष्ट पार्श्व गायक | - दिपक लिम्बु (आयो तिम्रो याद... - ***छोडि गए पाप लाग्ला*** - सेल्युलाइड प्रविधि - कोटकी कालिका देवी फिल्मस् प्रा.लि.) |
| ६. | सर्वोत्कृष्ट पार्श्वसङ्गीतकार | - सुजिल कर्माचार्य (***मेरो एउटा साथी छ*** - डिजिटल प्रविधि - आइकोर फिल्मस् प्रा.लि.) |
| ७. | सर्वोत्कृष्ट द्वन्द्व निर्देशक | - हिमाल के.सी. (***हासिदेऊ एक फेर*** - सेल्युलाईड प्रविधि - तेजस्वी फिल्मस् प्रा.लि.) |
| ८. | सर्वोत्कृष्ट श्रृंगारक | - राजु वाइवा (इकु द जङ्गल म्यान - डिजिटल प्रविधि - एस.एम. फिल्मस् प्रा.लि.) |
| ९. | सर्वोत्कृष्ट पुनर्ध्वन्याङ्कनकार | - दीप तुलाधर (***मेरो एउटा साथी छ*** - डिजिटल प्रविधि - आइकोर फिल्मस् प्रा.लि.) |
| १०. | सर्वोत्कृष्ट सम्पादक | - निमेष श्रेष्ठ (***दासढुङ्गा*** - डिजिटल प्रविधि- अपिल विष्ट फिल्म प्रोडक्सन प्रा.लि.) |
| ११. | सर्वोत्कृष्ट छायाँकार | - दीपक बज्राचार्य (***छोडि गए पाप लाग्ला*** - सेल्युलाईड प्रविधि - कोटकी कालिका देवी फिल्मस् प्रा.लि.) |
| १२. | सर्वोत्कृष्ट लेखन (स्क्रिन प्ले) | - शिव रेग्मी, विकास आचार्य, रमेश त्वयना (***हासिदेऊ एक फेर*** - सेल्युलाईड प्रविधि - तेजस्वी फिल्मस् प्रा.लि.) |
| १३. | सर्वोत्कृष्ट सह भूमिकामा अभिनेत्री | - सृजना बस्नेत (***संघर्ष जिन्दगीको*** - सेल्युलाइड प्रविधि ) |
| १४. | सर्वोत्कृष्ट सह भूमिकामा अभिनेता | - दयाहाङ्ग राई (***दासढुङ्गा*** - डिजिटल प्रविधि- अपिल विष्ट फिल्म प्रोडक्सन प्रा.लि.) |
| १५. | सर्वोत्कृष्ट मुख्य भूमिकामा अभिनेत्री | - सञ्चिता लुइँटेल (***छोडि गए पाप लाग्ला*** - सेल्युलाईड प्रविधि - कोटकी कालिका देवी फिल्मस् प्रा.लि.) |
| १६. | सर्वोत्कृष्ट मुख्य भूमिकामा अभिनेता | - अनुप बराल (***दासढुङ्गा*** - डिजिटल प्रविधि- अपिल विष्ट फिल्म प्रोडक्सन प्रा.लि.) |
| १७. | सर्वोत्कृष्ट निर्देशक | - उज्जवल घिमिरे (***छोडि गए पाप लाग्ला*** - सेल्युलाईड प्रविधि - कोटकी कालिका देवी फिल्मस् प्रा.लि.) |
| १८. | सर्वोत्कृष्ट चलचित्र | - ***छोडि गए पाप लाग्ला*** - सेल्युलाईड प्रविधि - कोटकी कालिका देवी फिल्मस् प्रा.लि. |

(च) ***सर्वोत्कृष्ट सामाजिक जागरण सम्बन्धी चलचित्र -२०६५*** - ***मैना*** - डिजिटल प्रविधि- सिनेमेकर्स प्रा.लि.

(छ) ***सर्वोत्कृष्ट राष्ट्रिय जागरण चलचित्र पुरस्कार - २०६६*** - ***दसगजा***-डिजिटल प्रविधि-गोल्डन आई मूभिज् प्रा.लि.

(ज) ***जुरी अवार्ड चलचित्र - २०६६*** - दासढुङ्गा - डिजिटल प्रविधि- अपिल विष्ट फिल्म प्रोडक्सन प्रा.लि.)

# विशेष सम्मान - २०६७

****************************************

(झ) *नेपाली चलचित्रको प्रदर्शनमा योगदान दिने व्यक्ति तथा संस्थाको सम्मान - २०६७* - **श्री मोहन सर्राफ** *

(ञ) *चलचित्र दीर्घ साधना सम्मान - २०६७* - **श्री उद्बव पौडेल** **

## * नेपाली चलचित्रको प्रदर्शनमा योगदान दिने व्यक्ति तथा संस्थाको सम्मान - २०६७ : श्री मोहन सर्राफ

सन् १९४९ अक्टुबर १० मा जन्मनु भएका स्व. गरीवनाथ सर्राफ तथा श्रीमती सोना देवी सर्राफका सुपुत्र श्री मोहन सर्राफबाट वि.सं. २०१७ सालदेखि काठमाडौं जमलमा 'विश्वज्योति सिनेमा भवन प्रा.लि.'को पुर्ननिर्माण गरी चलचित्र व्यवसायमा प्रवेश गर्नुभएका सराफबाट २०३३ सालदेखि रोहन फिल्मस्को नामबाट चलचित्र वितरण व्यवसाय गर्नुभएको ।

नेपाली कथानक चलचित्र 'चिनो' तथा प्रथम नेपाली सिनेमास्कोप चलचित्र 'राँको'बाट चलचित्र निर्माण कार्यमा समेत संलग्न श्री सराफ नेपाल चलचित्र सङ्घको विभिन्न पदमा २५ वर्षदेखि सेवारत रही हाल नेपाल चलचित्र सङ्घको प्रथम उपाध्यक्ष हुनुहुन्छ ।

'करोडपति', 'बलिदान', 'ठूल्दाई'ले गौरवमय १०० दिन प्रदर्शन गरेको उपलक्ष्यमा प्रदर्शनमा सक्रिय सहयोग गरे बापत सम्बन्धित संस्थाबाट सम्मानित ।

'युगदेखि युगसम्म', 'मनकामना', 'प्रेमपिण्ड', 'गोपीकृष्ण', 'पृथ्वी', 'नाता', 'टुहुरो', 'अल्लारे', 'साथी', 'नेपाली बाबु', 'जिन्दगानी', 'दर्पण छाँया', 'त तँ साह्रै बिग्रिस नि बद्री', 'आफ्नो मान्छे ' र 'बुहारी' गरी जम्मा १८ वटा चलचित्रहरू विश्वज्योति सिनेमा भवन प्रा.लि.मा प्रत्येक चलचित्रहरू १०० दिनभन्दा बढी प्रदर्शन गराउन सफल श्री सराफले स्वदेशी चलचित्र प्रदर्शनलाई निरन्तरता दिई हाल स्वदेशी चलचित्र मात्र प्रदर्शन गर्ने चलचित्रघरको रुपमा विश्वज्योति सिनेमा भवनलाई स्थापित गरी स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्द्धन र श्रीवृद्धिमा उल्लेखनीय, प्रशंसनीय, अनुकरणीय योगदान पुऱ्याउनु भएकाले श्री विश्वज्योति सिनेमा भवन प्रा.लि.का सञ्चालक **श्री मोहन सर्राफ**ज्यूलाई **नेपाली चलचित्रको प्रदर्शनमा योगदान दिने व्यक्ति तथा संस्थाको सम्मान** प्रदान गरिएको छ ।

## ** चलचित्र दीर्घ साधना सम्मान - २०६७ : श्री उद्बव पौडेल

सन् १९५६ सेक्टेम्बर,२ मा जन्मनु भएका, माता श्री सुभद्रा देवी पौडेल र पिता श्री गायत्री प्रसाद पौडेलका सुपुत्र **श्री उद्बव पौडेल** सन् १९७९ मा बाबा फिल्म एक्सचेञ्ज नामक कम्पनीबाट चलचित्र वितरण व्यवसाय मार्फत चलचित्र क्षेत्रमा प्रवेश गर्नुभएका श्री पौडेल सन् १९८५ मा स्थापित सयपत्री फिल्मस् नामक चलचित्र निर्माण कम्पनीबाट स्वदेशी चलचित्र इतिहासमा पहिलो सिल्भर जुब्ली मनाउन सफल नेपाली कथानक चलचित्र '**कुसुमे रुमाल**'को निर्माताको रुपमा चलचित्र निर्माण क्षेत्रमा प्रवेश गर्नुभएका पौडेलले 'मायालु', 'तिलहरी', 'परिवार', 'जय बाबा पशुपतिनाथ' (हिन्दी र नेपाली दुवै भाषामा निर्मित धार्मिक विषयवस्तुमा आधारित चलचित्र), 'अर्पण', 'आमा', 'माटो बोल्छ', 'गोपीकृष्ण' (उहाँ आफैले निर्देशित, डबल रोल तथा जनवारको प्रयोग गरिएको पहिलो नेपाली चलचित्र), 'शहिद गेट', 'उकाली ओराली', 'पर्खि बसें', 'जीवन मृत्यु', 'सुन्दर मेरो नाम', 'कुसुमे रुमाल', 'फर्केर हेर्दा Flash Back', 'पल', 'खुसी' सहित दर्जनौं स्वदेशी चलचित्र निर्माणमा संलग्न रहनु भएको ।

सन् १९९७ मा चाबहिलस्थित गोपीकृष्ण मुभिज प्रा.लि.बाट गोपी र कृष्ण नामक दुइवटा चलचित्रघरबाट चलचित्र प्रदर्शन व्यवसायमा प्रवेश गर्नु भएका श्री पौडेल संलग्न गोपीकृष्ण मुभिज प्रा.लि.मा अन्तर्गत हाल गोपी, कृष्ण, मीरा, राधा, ॐ, नम र शिवाय गरी सातवटा हल सञ्चालनमा छन् । उहाँ संलग्न कम्पनीद्वारा चलचित्र वितरण

तथा प्रदर्शनको सञ्जाल निर्माण गरी व्यवस्थित तथा गुणस्तरीय प्रदर्शन व्यवस्थापनका लागि केही वर्ष अघिदेखि कार्य गरिरहनु भएको । स्वदेशी चलचित्र निर्माण सक्रिय गोपीकृष्ण मूभिज प्रा.लि. तथा नेपाल चलचित्र विकास कम्पनी लिमिटेडका अध्यक्ष श्री पौडेल गोपीकृष्ण एफ.एम. (ए फिल्मी रेडियो), सिनेमा संसार (साप्ताहिक चलचित्र सम्बन्धी पत्रिका) र रोधी घर रिसोर्ट एण्ड सुटिङ्ग स्टुडियोका समेत अध्यक्ष हुनुहुन्छ ।

नेपाल चलचित्र सङ्घमा सन् २००१ देखि सन् २००५ सम्म अध्यक्ष रहनु भएका श्री पौडेलले सार्क फेडरेशन अफ फिल्म एण्ड ट्रेड एण्ड इण्डष्ट्री (SAFFTI) को सन् २००१ मा प्रथम अध्यक्ष भई सार्कक्षेत्रीय चलचित्र आदानप्रदानको खाका तयार गरी SAFFTI मार्फत सार्क क्षेत्रीय चलचित्र आदानप्रदानबाट स्वदेशी चलचित्रको विस्तारको प्रयास गर्नुभएको थियो ।
श्री पौडेल अध्यक्ष रहनु भएको आयोजक समितिबाट नेपाल चलचित्र सङ्घले सन् २००० मा तेस्रो चलचित्र पुरस्कार तथा नेपाली चलचित्र महोत्सव सफलतापूर्वक सम्पन्न गरी स्वदेशी चलचित्रको प्रवर्द्धनमा योगदान पुऱ्याउनु भएको थियो ।

सन् २००३ मा चलचित्र विकास बोर्डको सञ्चालक समितिमा सदस्य रही कार्य गर्नुभएका श्री पौडेलले सन् २००४ मा बेलायत सरकारको निमन्त्रणा तथा आतिथ्यतामा अन्तराष्ट्रिय चलचित्र बजार र चलचित्र उद्योगमा विकसित अत्याधुनिक प्रविधिको प्रयोग विषयक शैक्षिक भ्रमण गरी स्वदेशी चलचित्रको निर्माण र प्रदर्शन विकसित अत्याधुनिक प्रविधिको प्रयोगका विषयमा ज्ञान हासिल गरी कार्यक्षेत्रमा समेत आफू संलग्न कम्पनीहरू मार्फत सोको उपयोग गरी स्वदेशी चलचित्रको विकास, विस्तार र प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउनु भएको । सोही बखत उहाँले युरोपका ११ देशका चलचित्रकर्मीहरूमाझ चलचित्र आदान प्रदानका विषयमा कार्यपत्र प्रस्तुत गरी अन्तरक्रिया समेत गरी स्वदेशी चलचित्र प्रवर्द्धन तथा बजार विस्तारको पहल गर्नुभएको थियो ।

परिश्रमी, सफल उद्यमी, नेतृत्वदायी भूमिकामा सफल, अरुलाई सहयोग गर्न सधैं तत्पर, सिर्जनशील अनुकरणीय व्यक्तित्वका धनी श्री उद्रव पौडेल स्वास्थ्य, शिक्षा, खेलकद लगायत दर्जनौ सामाजिक सङ्घ संस्थाहरू मार्फत सामाजिक कार्यमा समर्पित हुनुहुन्छ ।

केही वर्षअघिमात्र एकैचोटी सातवटा चलचित्रको शुभमूर्हत गरी ती चलचित्र निर्माण पश्चात् प्रदर्शनको समाप्तिको अन्तिम चरणमा रहनु भएका श्री पौडेलले हालै मात्र गोपीकृष्ण टेलिभिजन मार्फत् पहिलो नेपाली फिल्मी टेलिभिजन प्रसारणको शुभारम्भ गर्दै हुनुहुन्छ । मुख्यतः चलचित्र निर्माण, प्रदर्शन, वितरण तथा प्रशारण संस्था मार्फत् स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्द्धन तथा श्रीवृद्धिमा पऱ्याउनु भएको अतुलनीय, प्रशंसायोग्य, अनुकरणीय उल्लेखनीय योगदानका लागि चलचित्रसँग सम्बन्धित पेशागत सङ्घ संस्थाहरू समेतको सिफारिसका आधारमा यो **'चलचित्र दीर्घ साधना सम्मान'** प्रदान गरिएको छ ।

## राष्ट्रिय चलचित्र पुरस्कार जुरी सम्मान

*********************************************************

**(ट) *राष्ट्रिय चलचित्र पुरस्कार* जुरीलाई सम्मान : १३ जना**

- *२०६३ निर्णायक समिति (जुरी)*
  १. डा. ध्रुवचन्द्र गौतम
  २. श्री श्याममोहन श्रेष्ठ
  ३. श्री आहुती
  ४. श्री सावित्री मल्ल कक्षपती
  ५. श्री छिरिङ रितार शेर्पा

- *२०६५ निर्णायक समिति (जुरी)*
  १. डा. ध्रुवचन्द्र गौतम
  २. ई. प्रदीप उपाध्याय
  ३. श्री दीपक ढकाल
  ४. श्री नवीन सुब्बा
  ५. श्री अनुप सुवेदी

- *२०६६ निर्णायक समिति (जुरी)*
  १. डा. ध्रुवचन्द्र गौतम
  २. ई. प्रदीप उपाध्याय
  ३. श्री दीपक ढकाल
  ४. श्री नवीन सुब्बा
  ५. श्री यज्ञश पण्डित

- *आदिवासी जनजातिका मातृभाषामा बनेका चलचित्र-२०६५ र २०६६ निर्णायक समिति*
  १. श्री नविन चित्रकार
  २. ई. नारायण प्रसाद चौधरी
  ३. श्री फूलमान बल